परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक

❑ वर्ष १० ❑ अंक २९ २०७८ फाल्गुण १५ गते आईतवार Sunday 27, FEB 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## तीन भारतीय नागरिक पक्राउ



विराटनगर । मोरङको बिराटनगर महानगरपालिका वडा नं. १३ स्थितबाट भारतिय नक्कली नोट सहित ३ जनालाई प्रहरीले शुक्रवार पक्राउ गरेको थियो ।

पक्राउ पर्नेमा भारत पुर्णिया थान चोक ग्राम पन्चायतका ३४ बर्षीय राजु गुप्ता र मधुवनी सिपाही टोलका ३५ बर्षीय चन्दन कुमार ठाकुर र कनेला रानीपत्राका २२ बर्षीय मोहमद महसुम रहेका छन ।

बिराटनगर महानगर पालिका वडा नं. १३ नहर चोक स्थितमा सि.आर.भि. जतुवाबाट खटिएको चेकिङ टोलीले चेकजाँचको क्रममा टेम्पोमा सवार रहेका निजहरुको साथबाट ४८ वटा १०० रुपैयाका भारतिय नक्कली नोट बरामद भएको हो ।

नक्कली नोट सहित पक्राउ परेका उनीहरुको इलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भईरहेको छ ।

## विधेयकमा प्रारम्भिक छलफल

विराटनगर । प्रदेश १ मा आगामी फागुन १५ गते संसदको हिउँदे अधिवेशनको नियमित बैठक आह्वान भएसँगै प्रदेश सरकारले आवश्यक कानून निर्माणको प्रक्रिया सुरु गरेको छ ।

प्रदेश सरकारको गतिविधिलाई प्रभावकारी बनाउनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले कानून निर्माणको कामलाई तीव्रता दिएको हो ।

प्रदेश सरकारले यसै अधिवेशनमा प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक, २०७८ ल्याउन लागेको छ । विधेयकका सन्दर्भमा बुधवार आन्तरिक मामिला तथा कानून मन्त्रालयमा प्रारम्भिक छलफल भएको हो । सरकारको यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेशका पत्रकार तथा बुद्धिजीवी सँग विधेयकका विषयमा छलफल गरेको थियो ।

नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चार एवं सूचनाको हक संरक्षण र सम्बन्धन गर्नका लागि सरकारले विधेयक ल्याउन लागेको हो । छलफलका क्रममा सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले सञ्चार विद्येकले प्रदेश भित्रका सञ्चार माध्यम र संचारकर्मीलाई व्यवस्थित र परिपक्क बनाउनका लागि सरकारले विधेयक ल्याउन लागेको जानकारी दिनु भएको थियो ।

मन्त्रालयका कानून उपसचिव गणेश नायकले वाग्मती प्रदेश सरकारको सञ्चार विद्येकका आधारमा प्रदेश १ सरकारले विद्येकको तयारी गरेको बताउनु भयो । छलफलमा सहभागी सञ्चारकर्मी तथा सञ्चार संस्थाका प्रतिनिधिले प्रदेश सरकारले

वांकी अन्तिम पेजमा...

## मानव अधिकार प्रवर्धनमा जोड

विराटनगर । प्रदेश १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले कारागारमा रहेका कैदीबन्दीको मानवअधिकार रक्षा हुनुपर्नेमा जोड दिनुभएको छ ।

सोमबार मन्त्रालयले पाँचथर कारागारमा आयोजना गरेको कारागार भित्र मानव अधिकार प्रवर्धन तथा कानूनी सचेतना कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनुभएको थियो ।

कारागारमा रहेका कैदीहरूले अनुशासन वहन गरेकोमा उहाँले खुसी व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, 'यहाँ घरघरमा श्रीमान् श्रीमतीको झगडा हुन्छ । दुई चार जना बसो भने पनि झगडा हुन्छ । तर यहाँ तपाईंहरू मिलेर बस्नुभएको छ ।'

उहाँले यहाँ बस्दा होस्टेल बसाइका रूपमा लिन आग्रह गर्नुभयो । कारागारका भौतिक संरचना निर्माणमा सरकारले आवश्यक सहयोग गर्ने बताउँदै उहाँले कैदीबन्दीलाई कानूनी परामर्श लिन समस्या भइरहेकोले नि:शुल्क कानूनी परामर्श सेवा उपलब्ध गराउने उल्लेख प्रतिवद्धता जनाएका थिए ।

मन्त्री कार्कीले जिल्लामा रहेका सुरक्षा निकायका प्रतिनिधिसँग जिल्लाको सुरक्षा स्थितिका बारेमा जानकारी लिनुभएको छ । तीनै सुरक्षा निकायका प्रतिनिधिसँग भएको छलफलमा सुरक्षा व्यवस्थालाई चुस्त दुरुस्त पार्न उहाँले निर्देशन दिनुभएको छ ।

पाँचथरको विकाशका लागि प्रदेश सरकार लागि परेको बताउनुभएको छ । नेपाली कांग्रेस जिल्ला कार्यसमितिले आयोजना गरेको कार्यक्रममा उहाँले जिल्लामा कांग्रेसको पकड बलियो बनाउँदै निर्वाचनमा विजयी गराउर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, 'अहिले गठबन्धनको सरकार छ ।

वांकी ३ पेजमा...

## प्रदेशको नमाकरणको लागि सर्वदलिय बैठक

विराटनगर । प्रदेश नं. १ सरकारले प्रदेश नामकरणका लागि मंगलबार सर्वदलीय बैठक गरेको थियो । पाँच दलीय गठबन्धनका तर्फबाट प्रमुख प्रतिपक्ष नेकपा एमाले सहितको सर्वदलीय बैठक मुख्यमन्त्री कार्यालयमा आयोजना गरिएको थियो ।

प्रदेश १ को नामकरणका लागि समन्वय तथा सहजीकरण गर्ने क्रममा बोलाइएको बैठकको अध्यक्षता मुख्यमन्त्री राजेन्द्रकुमार राईले गर्नुभएको थियो । बैठकको सञ्चालन स्वास्थ्य मन्त्री जयराम यादवले मन्त्री यादवले गरेको थिए । मन्त्री यादवलाई गत माघ १६ गते बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशको नामकरणका लागि समन्वय तथा सहजीकरण गर्ने कामको जिम्मेवारी दिएको थियो । सोहीबमोजिम सर्वदलीय बैठक आह्वान गएिको मन्त्री यादवले जानकारी गराएको थियो ।

बैठकमा बोल्दै प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले प्रदेश नं. १ को नामकरणको मुख्य जिम्मेवारी व्यवस्थापिकाको भए पनि सरकारका तर्फबाट सहजीकरणको सुरुवात गरिएको बताउनुभयो । उहाँले प्रदेशको नाम टुंगो लगाउने सवालमा सत्तापक्ष र प्रतिपक्ष भनेर विभाजित हुन आवश्यक नभएको धारणा व्यक्त गर्नु भयो ।

सर्वदलीय बैठकमा नेकपा एमालेका तर्फबाट प्रदेश कमिटी अध्यक्ष तुलसीप्रसाद न्यौपाने, नेपाली

वांकी ३ पेजमा...

## हजार विगहा वनमा हत्या भएको आरोपमा पक्राउ

विराटनगर । मोरङको केरावारी गाउँपालिका वडा नं. ८ को हजार बिघा सामुदायिक बनमा माघ ९ गते मृत फेला परेका स्थानीय २६ बर्षीय बाबुराम भट्टराईको हत्या भएको खुल्न आएको छ ।

उक्त घटनामा संग्लग्न केरावारी गाउँपालिका वडा नं. ३ का ३५ बर्षीय कमल लिम्बुलाई प्रहरीले पक्राउ गरे संगै सो कुरा खूल्न आएको हो । माघ १० गते सामुदायिक वनमा खाल्डो खनेर गाडेको अवस्थामा भट्टराईको शव फेला परेको थियो ।

शव फेला परेको जानकारी पाए लगत्तै घटनास्थलमा खटिएको प्रहरी टोलीले प्रारम्भिक अनुसन्धान गरी सुक्ष्म रुपमा गहन अनुसन्धान शुरु गरेको थियो । अनुसन्धानको क्रममा भट्टराई पौष २७ गते देखी नै बेपत्ता भएको र पौष २८ गते लिम्बु संग बादबिबाद भएको तथा लिम्बुले फलामको रड प्रयोग गरी भट्टराईको हत्या गरेको खुल्न आएको थियो ।

त्यसरी हत्या गरी घटनालाई ढाकछोप गर्न खाल्डो खनेर गाडेको भन्ने खूल्न आए संगै लिम्बुलाई पक्राउ गरेको र घटना सम्बन्धमा अन्य थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ ।






मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.नं. ०४/०७७/०७८

## मानव...

यहीँका अर्थमन्त्री पनि हुनुहुन्छ। हामीले विकाश निर्माणका निर्णय सरकारबाटै गर्ने गर्छौं।'

मन्त्री कार्कीले जिल्ला प्रशासन कार्यालयमार्फत स्वास्थ्य कार्यालय लाई अक्सिजन कन्ट्रन्सेसर प्रदान गर्नुभएको छ। कन्सन्ट्रेटरले स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन सहयोग गर्ने उहाँले विश्वास व्यक्त गर्नु भएको छ।

## प्रदेशको...

कांग्रेसका प्रदेश समिति सभापति उद्धव थापा, नेकपा माओवादी केन्द्रका प्रदेश कमिटी अध्यक्ष हर्कबहादुर नेम्वाङ, नेकपा एकीकृत समाजवादीका प्रदेश कमिटी अध्यक्ष बलदेव चौधरी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका केन्द्रीय अध्यक्ष कुमार लिङदेनले आ-आफ्ना दलका तर्फबाट धारणा राखेका थिए।

त्यसैगरी बैठकमा नेकपा एकीकृत समाजवादीका केन्द्रीय उपाध्यक्ष तथा प्रदेश नं. १ इन्चार्ज घनेन्द्र बस्नेत, नेपाली कांग्रेस प्रदेश नं. १ संसदीय दलका नेता राजीव कोइरालाले पनि आफ्नो भनाई राखेका थिए।

## विधेयक...

संविधानमा टेकेर प्रेस स्वतन्त्रतालाई अङ्कुशन लगाउने गरी विधेक ल्याउनु नपर्नेमा जोड दिएका छन्।

विधेकमा ग्रामीण पत्रकारिता, लोककल्याणकारी विज्ञापन, प्रेस प्रतिनिधि कार्ड, सम्चारकर्मीलाई लेखनबृत्ति तथा प्रोत्साहन, महिला पत्रकार सशक्तीकरण, आदिवासी जनजाति लगायतका सवाललाई जोड दिनुपर्ने बताएका छन्।

# अटोमोवाईल्स डिलर्स एशोसिएसनमा नयाँ कार्य समिति चयन




विराटनगर। मोरङ अटोमोवाईल्स डिलर्स एशोसिएसनको १४ औं साधारण सभा सम्पन्न भई नयाँ कार्यसमिति गठन भएको छ।

एशोसिएसनका अध्यक्ष शुभाष आचार्यको अध्यक्षतामा आयोजित उक्त साधारण सभामा अध्यक्षले स्वागत मन्तव्य राख्नु भए पश्चात् प्रमुख अतिथि नाडाका केन्द्रीय अध्यक्ष ध्रुव बहादुर थापाले सभाको उद्धाटन गर्नु भएको थियो।

सभाबाट एशोसियसनको आगामी कार्यकालका लागि गठित नयाँ कार्यसमितिमा अध्यक्ष पदमा संजय कुमार श्रेष्ठ, उपाध्यक्षमा दिल्ली आचार्य, सचिवमा मनोज विक्रम साह, सह-सचिवमा रुपेश बराल, कोषाध्यक्षमा जीवन पोखेल चयन भएको छ।

त्यसैगरी सदस्यमा ओम प्रकाश शर्मा, रवी अग्रवाल, दिव्य राज घिमिरे, निसार अहमद्, राजेश कुमार भगत, शैलेन्द्र कुमार साह, मनोज कुमार चौधरी र गंगा प्रसाद शर्मा सर्वसम्मत रुपमा चयन भएको छ।

सभामा मोरंग व्यापार संघका उपाध्यक्ष अनिल कुमार साह, नाडाका महासचिवसुरेन्द्र कुमार उप्रेति, पत्रकार महासंघ, मोरङका अध्यक्ष संजीव खनाल, जिल्ला ट्राफिक कार्यालयका प्रहरी नायव निरीक्षकले आ-आफ्नो मन्तव्य राख्नु भई शुभकामना व्यक्त गरेको थियो।

सभामा जिल्ला ट्राफिक कार्यालयका दुई जना जवान चन्द्रकला विष्ट र रोशन कुमार चौधरी र अटो पत्रकार एवं आवर विराटनगर डट नेटका सञ्चार कर्मी राकेश कर्णलाई प्रमाण पत्र र नगद राशी सहित सम्मान गरिएको थियो भने सभाको अन्त्यमा पूर्व अध्यक्ष तोया खनालले धन्यवाद मन्तव्य दिनु भएको थियो।

# प्रदेश १ सरकारद्धारा चारवाट महत्वपूर्ण निर्णय

विराटनगर। प्रदेश १ को मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले चारवाट महत्वपूर्ण निर्णयहरू गरेको छ।

बैठकले विभिन्न चार वटा विषयमा निर्णयहरू गरेको स्वास्थ्य मन्त्री जयराम यादवले जानकारी दिएका थिए। मन्त्री यादवका अनुसार, बैठकले प्रदेश मन्त्रालय र यसअन्तर्गतका निकायहरूको संगठन संरचना एवं दरबन्दी स्वीकृत गर्ने निर्णय गर्नुका साथै बैठकले वडाको संख्या र सिमाना हेरफेरसम्बन्धी स्थानीय तहको प्रस्ताव स्वीकृत गरी नेपाल सरकारमा सिफारिस गर्ने, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली- २०७८ स्वीकृत गर्ने निर्णय गरेको वताए।

बैठकले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन गर्न बनेको विधेयक, २०७८ तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरेको स्वास्थ्य मन्त्री जयराम यादवले जानकारी दिएको थियो।

तेजाब वा अन्य घातक रासायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो।

नेपाल सरकार, विज्ञापन बोर्ड




## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।

### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्वन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौं।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं।




परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# एमसीसी बारे सत्तादल नै अनभिज्ञ

प्रधानमन्त्री शेरबहादुर देउवासहित सत्तारूढ कांग्रेसका नेताहरूले सम्झौतालाई सोमबारसम्म अनुमोदन गर्ने लक्ष्यका साथ दौडधुप तीव्र बनाएका छन्। सत्तारूढ माओवादी केन्द्र, एकीकृत समाजवादी,र राष्ट्रिय जनमोर्चा सम्झौताको विपक्षमा रहेर सडकमै उत्रेको छ भने जसपाले स्पष्ट धारणा नबनाउँदा सत्तारुढ दलनै अन्यौलमा परेको छ। तीन दलका सांसदको संख्या ७३ छ। एक-एक सांसद रहेका राप्रपा र नेमकिपा पनि विपक्षमा छन्। ६१ सांसद रहेको कांग्रेस र १३ सांसद रहेको लोकतान्त्रिक समाजवादी पार्टी सम्झौताका पक्षमा छन्।१९ सांसद रहेको जनता समाजवादी पार्टीले कुन पक्षमा लाग्ने भन्नेबारे शनिबारसम्म निर्णय गर्ने भएको भनिएपनि टुंगोमा पुगेको छैन। ९८ सांसद रहेको एमालेले भदौ २३ देखि सभामुखविरुद्ध नाराबाजी गर्दै संसद् बैठकमा अवरोध गरिरहेको छ।

सत्तारूढ एकीकृत समाजवादीका वरिष्ठ नेता झलनाथ खनालले भने एमसीसी सम्झौता अनुमोदन गर्नै नहुने बताउँदै आएका छन्। 'एमसीसी गम्भीर सवाल हो। यसमा कम से कम नेपाल एकताबद्ध हुनुपर्छ। राष्ट्रिय सहमति हुनुपर्छ,' उनले भने, 'जनता, देश जेसुकै होस् एमसीसी पास गर्नुपर्छ भन्ने लाइनमा लागे देश दुर्घटनातिर जान्छ।'माओवादी, एकीकृत समाजवादी र जनमोर्चाका कार्यकर्ता एमसीसीको विरोधमा सडकमै उत्रिएका छन्। ती दलले पाँचदलीय गठबन्धन जोगाइराख्न गृहकार्य पनि गरिरहेका छन्। माओवादीका मन्त्रीहरूले भने संसद्मा एमसीसी सम्झौता छलफल र निर्णयार्थ प्रस्तुत हुँदा अनुपस्थित रहेर गठबन्धन जोगाउनुपर्ने प्रस्तावसमेत अघि सारेका छन्। नेकपा माओवादी केन्द्रका मन्त्रीहरूले सत्ता गठबन्धन जोगाउनका लागि प्रतिनिधिसभा बैठकमा अनुपस्थित रहेर एमसीसी अघि बढाउन कांग्रेसलाई बाटो खोलिदिने दाउमा देखिन्छ।

बहुमत नपुग्ने भएपछि शुक्रबार बोलाइएको प्रतिनिधिसभा बैठक पनि स्थगित भएको छ। यसअघि बिहीबार बोलाइएको बैठक शुक्रबारका लागि सारिएको थियो। 'एमसीसी सम्झौतामाथि सामान्य छलफल गरियोस्' भन्ने प्रस्ताव नै पारित हुने निश्चित नभएपछि सरकारको आग्रहमा दुवै पटक बैठक स्थगन गरिएको छ। प्रतिनिधिसभाको अर्को बैठक तय गरिएको छ सो वैठकमा के हुने वा नहुने देख्ने वेला आएको छ। एमसीसीलाई धेरै गिजोलिनु भन्दा पनि सवै नेताहरु एकमत भएर पास गर्ने हो भने पास गरौ नत्र अमेरिकालाई नै फिर्ता पठाऔ। यसैमा सवैको भलो छ।

# भ्रष्टाचारले भरथेग गरेको अशान्ति र विग्रह

**दिपक थापा मगर**

व्यक्तिगत लाभका लागि सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नु भ्रष्टाचार हो। यसलाई सार्वजनिक अख्तियारी गरेको व्यक्तिले गर्ने शक्तिको व्यापार पनि मानिन्छ। भ्रष्टाचार भन्ने शब्द नै मानिस र उसको स्वभाव एवम् आचरण तथा सोको प्रतिफलको कार्यसँग प्रत्यक्ष सम्बन्ध रहेको विषय हो।

मानिसद्वारा नै हुने तथा गरिने कार्य भएको हुनाले र त्यस्तो कार्य भएको बुझ्ने तथा महसुस गर्ने पनि मानिस नै भएकोले भ्रष्टाचार शब्दलाई विन्यास गरी भ्रष्ट र आचार नामकरण गरिएको पनि छ। जनमानसमा यो भ्रष्टाचार भन्ने शब्द नै खराब भन्ने अर्थ दिने शब्दको रूपमा परिचित भएको छ। भ्रष्टाचार उपलब्ध साधन, स्रोत, शक्ति, पद र अधिकारको दम्भबाट सृजना हुने र सोका आधारमा घटाइने घटना तथा गरिने कार्य हो।

हरेक क्षेत्रमा भ्रष्टाचार हुने गरेको भए तापनि मुख्यत: आर्थिक गतिविधिसँग प्रत्यक्ष रूपमा संलग्न हुने क्षेत्रमा छिटो तथा प्रष्ट रूपमा देखा पर्ने र अनुभव गर्न सकिने भएको कारणले पनि रकम कलमसँग सम्बन्धित रहेर तुलनात्मक रूपमा व्याख्या गरी हेर्ने गरिन्छ किनकि अन्य क्षेत्रमा आर्थिक क्षेत्रको झैं गरी छिटो असर र प्रभाव परेको प्रत्यक्ष रूपमा नदेखिने भएकोले पनि भ्रष्टाचार भएको भनेर मान्ने गरिएको छैन।

सामान्यत: राजस्व उठाउने, खर्च गर्ने, सेवा प्रवाह गर्ने, सेवाग्राहीहरू बढी हुने, विकास निर्माण सम्बन्धी सेवा प्रवाह गर्ने, नीति निर्माण गर्ने आदि भ्रष्टाचार हुने मुख्य ठाउँ हुन्।

नेपालको संविधानद्वारा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भ्रष्टाचार नियन्त्रणमा केन्द्रित भई कार्य गर्ने गरी काम, कर्तव्य र अधिकार प्रदान गरेको छ। घट्दो नैतिक मूल्यमान्यता र देखासिकीले छिट्टै धनी बन्ने लालसाले भ्रष्टाचार बढ्दै गएको देखिन्छ। नेपालमा खर्चिलो निर्वाचन प्रणाली, कानूनको प्रक्रियागत जटिलता आदिले भ्रष्टाचारको नियन्त्रण गर्न आशातित सफलता हासिल गर्न सकिएको छैन।

समकालीन विश्वमा दिगो विकासका लक्ष्यहरू प्राप्तिमा प्रमुख बाधकको रूपमा भ्रष्टाचार देखिएको छ। विशेष गरी कम विकसित र विकासशील मुलुकहरूमा सुशासनको प्रमुख अवरोधकका रूपमा शासन प्रक्रियामा संस्थागत भएर रहेको भ्रष्टाचारको सञ्जाल देखिन्छ।

प्रविधिको विकाससँगै भ्रष्टाचारका विधि, माध्यम र प्रवृत्तिहरूमा समेत नवप्रवर्तन देखा पर्दै गएको छ। राजनीतिक क्षेत्रको बढ्दो संलग्नतासमेत रहँदा भ्रष्टाचार निवारणको प्रयास अझै जटिल बन्दै भइरहेको देखिन्छ।

नेपालमा भ्रष्टाचारको सूचकांक

भ्रष्टाचार विरुद्ध पहल कदमी गर्ने र आवाज उठाउने विभिन्न संस्थाहरू सक्रिय छन्। ट्रान्सपरेन्सी इन्टरनेशनलले सन् २०२० मा विशेषज्ञको मूल्यांकन र धारणा सर्वेक्षणमार्फत विश्वका १७९ मुलुकबीच गरिएको अध्ययनमा न्यूजिल्याण्ड र डेनमार्क ८८ अंकसहित कम भ्रष्टाचार हुने मुलुकको पहिलो स्थानमा रहेका छन् भने दक्षिण सुडान र सोमालिया १२ अंक प्राप्त गरी १७९औं स्थानमा रहेका छन्।

प्रकाशित गरेको करप्सन पर्सेप्सन्स इन्डेक्स (सीपीआई) मा सन् २०१७ मा १२२ औं स्थानमा रहेको नेपाल २०२० को प्रतिवेदन अनुसार ३३ अंकसहित ११७ औं स्थानमा रहेको छ जुन सन् २०१२ को भन्दा ६ अंक बढी समेत हो। सन् २००४ देखि सन् २०१७ सम्मको औसत उपलब्धि हेर्दा नेपालको स्थान १२७.४ मा रहेको देखिन्छ।

नेपालमा भ्रष्टाचार बढेको तथ्य देखाउने उदाहरणहरूको नमूना

१. कर छलीका मुद्दा, भूकम्प पीडितलाई राहत सामग्री वितरणमा अनियमितता, इन्धन र अत्यावश्यक वस्तुको मूल्यमा देखिएको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रणमा सरकारको असफलता, अन्तर्राष्ट्रिय व्यापारमा आएको संकट आदिले नेपालमा भ्रष्टाचार संस्थागत भइरहेको इंगित गरेको देखिन्छ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्टि्रङ्ग अपरेसनको नाममा स-साना आर्थिक लेनदेनलाई मात्र ध्यान दिएको पाइन्छ। अपवाद बाहेक नीतिगत भ्रष्टाचार र 'बिग फिस' लाई आयोगले देखेन। आयोगकै प्रमुख आयुक्त भ्रष्टाचारमा मुछिनु भ्रष्टाचारको पराकाष्ठा हो।

३. यती होल्डिङ्गस्, वाइडबडी-न्यारोबडी प्रकरण, ललिता निवास जग्गा बिक्री यसै समयमा चर्चामा आए।

४. भ्रष्टाचारजन्य कसुरमा पूर्व मन्त्री, पूर्व सचिव समेतलाई मुद्दा दायर भए।

५. संघीयताको कार्यान्वयनसँगै स्थानीय तहहरूमा भ्रष्टाचारको संस्कृति मौलाएको, प्रदेश सरकारको अकर्मण्यताले देखिएको विषय महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएको छ।

नेपालमा भ्रष्टाचार न्यूनीकरण का लागि चालिएका प्रयासहरू सार्थक हुनसकेका छैनन्। यसका केही प्रमुख कारण छन्। नेपालमा भ्रष्टाचारको मूल मुहान खर्चिलो चुनाव पद्धति हो। यसले गर्दा राजनीतिमा गलत व्यक्तिहरू प्रवेश गर्ने र शासनको वैधता गुमाई भ्रष्टाचार र अनैतिकतालाई संस्थागत गर्ने गराउने क्रियाकलापहरू यत्रतत्र देखिएका छन्।

त्यस्तै, कानूनको प्रक्रियागत जटिलता, नतिजा नभए पनि प्रक्रिया मात्र मिलेको अवस्थामा पनि भ्रष्टाचार नठहरिने, शासनमा नागरिक नियन्त्रण र पहुँचको अभावलगायत कारण भ्रष्टाचार गर्न सहज भएको छ। हरेक सार्वजनिक संस्था भ्रष्टाचार विरोधी संस्थाहरू हुन्। तर हाम्रो सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई मात्र मुख्य भार बोकाइएको छ।

भ्रष्टाचारका उत्प्रेरक र प्रोत्साहक दुवै तत्व उत्तिकै सक्रिय रहेका छन्। न्यूनतम जीवनयापन गर्न नसकिने तलब र सामूहिक मनोविज्ञानका कारण इमानदारहरू समेत भ्रष्टाचारमा संलग्न रहने गरेको पाइन्छन्।

भ्रष्टाचारका लागि कम्तीमा दुई पक्षको संलग्नता जरुरत पर्दछ। एक पक्ष सरकारी 'एक्टर' भए अर्को पक्ष निजी क्षेत्र नै हो। निजी क्षेत्र पनि हाम्रै सामाजिक सत्ताको उत्पादन भएकोले निजी क्षेत्र मौका मिलेसम्म भ्रष्टाचारमा तल्लीन देखिन्छ।

हाम्रो समग्र सामाजिक, सांस्कृतिक, शासकीय र राजनीतिक वातावरण नै भ्रष्टाचारमैत्री भएकोले जनुसुकै माध्यमबाट भए पनि शक्ति र स्रोत हासिल गर्नुलाई शक्तिशाली र सफल भन्ने भाष्य निर्माण भएको छ। नेपाली समाजले अदृश्य शक्ति, कसैको भक्ति वा चाकडी गरेका कारण शक्ति, स्रोत र ऐश्वर्य प्राप्त हुने कुरामा विश्वास गर्दछ।

श्रम र सीप भन्दा पनि चमत्कार हुने कुरामा विश्वास बढी नै छ। सोही मूल्य, मान्यता र पद्धति राज्य पक्षहरूमा समेत यथावत् छ। यही विश्वास र मूल्य पद्धतिलाई औपचारिक सत्ताले शासन गर्ने आधारका रूपमा संस्थागत गरेको छ।

भ्रष्टाचारको आरोपमा प्रमाण जुटाउनका लागि निकै सकसपूर्ण हुन्छ। श्वेतकोटधारीको अपराध भएकोले यसमा अधिकांश प्रमाण भ्रष्टाचार गर्नेले मेटाएको हुन्छ। भ्रष्टाचार विरुद्धको दण्डात्मक व्यवस्थाहरू समेत तजविजी अधिकारको प्रयोग गर्न मिल्ने प्रकृतिका छन्।

कर्मचारी मनोवृत्ति सरकारी सेवालाई आर्थिक लाभको अवसरका रूपमा लिने जस्तो छ। अधिकांश कर्मचारीमा मौका मिलेसम्म आर्जन गर्ने द्रव्यमुखी सोच देखिन्छ। नैतिकता र निष्ठाको खडेरी र तजविजी अधिकारको प्रयोगले गर्दा भ्रष्टाचार बढिरहेको छ।

भ्रष्टाचारमुक्त र जवाफदेही शासन प्रणाली स्थापनाका लागि सरोकारवाला पात्रहरूको भूमिका महत्वपूर्ण हुन्छ।

क. राजनीतिक दलहरूको भूमिका

भ्रष्टाचार नियन्त्रण गर्न राजनीतिक दलभित्रका सबै कार्यकारिणी समितिहरू पूर्ण प्रजातन्त्रीकरणको अभ्यास कार्यान्वयन गर्नुपर्छ। खर्चिलो चुनाव प्रणालीलाई मितव्ययी बनाई चन्दा संकलन गर्ने पद्धति बन्द गर्नुपर्छ।

राजनीतिक दलले अनिवार्य रूपमा आयव्ययको यथार्थ विवरण राख्ने अभ्यास सुरु गर्नुपर्छ भने नियमित लेखापरीक्षण गराउँदै निर्वाचन आयोगमा पेश तथा सार्वजनिक गर्ने अभ्यासलाई प्रोत्साहन गर्नुपर्छ।

ख. व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको भूमिका

भ्रष्टाचार नियन्त्रणमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको भूमिका महत्वपूर्ण हुन्छ। यसका लागि मूलत: अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार कानून निर्माण तथा संशोधन गर्दै त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। संसदीय समितिले भ्रष्टाचार उपरको निगरानीलाई प्राथमिकता दिनुपर्छ भने भ्रष्टाचार नियन्त्रणका लागि स्थापित संस्था तथा समूहलाई सहजीकरण गर्नुपर्छ।

त्यस्तै, भ्रष्टाचार नियन्त्रण गर्ने निकायमा आर्थिक, भौतिक, प्राविधिक र नैतिक दृष्टिमा सक्षम बनाउनुपर्छ भने उच्च नैतिक छवि र कार्यसम्पादन क्षमता भएकालाई

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (क,कि,कु,घ,ङ,छ,के,को,ह) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (यो,भा,भी,भू,ध,फा,ढ,भे) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन** (दी,दु,थ,झ,ञ,दे,दो,च,ची) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## चोरीमा संलग्न तीनजना पक्राउ

बिराटनगर। सुनसरी र मोरङका दुई छुट्टाछुट्टै स्थानबाट चोरीमा संग्लग्न रहेका ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा बराहक्षेत्र गाउँपालिका वडा नं. ८ सुनसरीका २७ बर्षीय अटल राई, शिवसताक्षी नगरपालिका वडा नं. ९ का २१ बर्षीय रोहित भण्डारी र मेचीनगर नगरपालिका वडा नं. ६ का २७ बर्षीय दिलिप लिम्बु रहेका छन्।

राईलाई धरानकी टिनु बज्राचार्यको को ३१ प २४४ नम्बरको स्कुटर चोरी गरेको आरोपमा चोरी भएको स्कुटर सहित बराहक्षेत्र गाउँपालिका वडा नं. ६ बाट पक्राउ गरेको थिया।

मंसिर ३ गते धरानबाट हराएको उक्त नम्बरको स्कुटर खोजतलास गर्ने क्रममा फाल्गुन ८ गते स्कुटर सहित राई पक्राउ परेको हो।

त्यसैगरी माघ १८ गते मोरङको सुन्दरहरैचा नगरपालिका वडा नं. ९ मा सुर्य कट्टेलले संचालन गर्दै आएको किराना पसलमा चोरी गरी फरार रहेका भण्डारी र लिम्बुलाई ईलाका प्रहरी कार्यालय बेलवारीबाट खटिएको प्रहरी टोलीले दुबै जनालाई पक्राउ गरेको थियो।

पसलमा बिक्रीको लागी राखिएको रिचार्ड कार्ड लगायत अन्य समान सहित १ लाख ५० हजार बराबरको समान चोरी भएको भन्ने सूचना पाए संगै चोरीमा संग्गल्नहरुको खोजतलास गर्ने क्रममा दुबै जना पक्राउ परेका हुन्।

उनीहरुको साथबाट प्रहरीले ४९ हजार ८ सय बराबरको ऐनसेलको रिचार्ज कार्ड र नगद २५ हजार समेत बरामद गरेको थियो। चोरीको आरोपमा पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## लागुऔषध ब्राउन सुगर सहित पक्राउ

झापा। झापाको बिर्तामोडको दुई स्थानबाट लागुऔषध ब्राउन सुगर सहित दुई जनालाई प्रहरीले विहीवार पक्राउ गरिएको थियो।

पक्राउ पर्नेमा झापा गाऊपालिका वडा नं. ४ का १९ बर्षीय अब्दुल अन्सारी र बिर्तामोड नगरपालिका वडा नं. ४ का १९ बर्षीय उतम बर्देवा रहेका छन्।

ईलाका प्रहरी कार्यालय अनामनीबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका वडा नं. ४ पश्चिम स्टेनबाट अब्दुल अन्सारीलाई ब्राउन सुगर ५ ग्राम र साढे ४ बजे प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले उतम बर्देवालाई घरैबाट ब्राउन सुगर ८०० मिलिग्राम सहित पक्राउ गरिएको थियो।

पक्राउ परेका दुवैजनालाई ईलाका प्रहरी कार्यालय अनामनीबाट थप अनुसन्धान भईरहेको छ।





**लागुऔंषध रहित परिवार : स्वस्थ जीवनको आधार**

लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ। लागुऔषधको उत्पादन, संचय, ओसार-पसार, विक्री वितरण तथा सेवन कानूनत दण्डनीय छ। गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं। स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

विराटनगर महानगर पालिका, प्रदेश १



**कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना**

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ने हुनु।

3. यसबाट बच्न के-के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १


## अन्तर्राष्ट्रिय सहयोगमा निर्मित खानेपानी प्लान्टको मन्त्री कार्की द्धारा उद्घाटन

विराटनगर। अन्तर्राष्ट्रिय सहयोगी सस्था 'हेल्पिङ ह्याण्ड फर रिलाइफ एण्ड डेभलपमेन्ट' ले मोरङको रतुवामाइ नगरपालिका वडा नं. ९ स्थित जनता माध्यमिक विद्यालयमा निर्माण गरिएको शुद्ध खानेपानी परियोजना विद्यालयलाई हस्तान्तरण गरिएको छ।



रतुवामाइ नगरपालिका वडा नं. ९ स्थित जनता माध्यमिक विद्यालयमा आन्तरीक मामिला तथा कानून मन्त्री केदार कार्कीले विद्यार्थीसंग भलाकुसारी गर्दै। तस्वीर : सचिवालय

एक कार्यक्रमका बिच प्रदेश नम्बर १ सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले रिवन काटेर उद्घाटन गरेसंगै सस्थाले विद्यालयलाइ परियोजना हस्तान्तरण गरेको हो। विद्यार्थीलाई शुद्ध खानेपानीको व्यवस्थापन गर्नका लागि प्लाण्ट स्थापना गरिएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अथिती समेत रहनुभएका मन्त्री कार्कीले शुद्ध खानेपानीले विद्यार्थीको स्वास्थ्य स्वस्थ रहने उल्लेख गर्दै स्वस्थ तरिकाले नवीन ज्ञान लिन सहयोग गर्ने बताउनुभयो। मन्त्री कार्कीले आधुनिक समाज सङ्सङ्गै सिकाइको माध्यमलाई पनि आधुनिक ढंगले चल्नुपर्नेमा जोड दिनुभयो। उहाले परीक्षामा पास गर्नकै लाई पढ्ने र पढाउने बानी त्याग्नुपर्ने बताउनुभयो। नैतिक शिक्षामा जोड दिन शिक्षकहरुलाई उहाको निर्देशन दिएको छ।

मन्त्री कार्कीले विद्यार्थीलाई पढ्ने वातावरणको सृजना गर्नका लागि खेलकुदका सामग्री, बाल उत्थान लागाएतका संरचना निमार्ण गर्नुपर्ने बताउनुभयो। त्यस्का लागि प्रदेश सरकारले आवस्यक सहयोग गर्ने उहाको भनाइ छ।

कार्यक्रममा रतुवामाइ नगर पालिका मेयर रविन राइले अन्तर्राष्ट्रिय सस्थाले प्लान्ट निर्माण गरेकोमा धन्यवाद व्यक्त गर्दै नगरका सार्वजनिक स्थानहरुमा यस्तै प्लान्ट स्थापना गर्ने योजना रहेको बताउनुभयो।

परियोजनाका निर्देसक इलियास हसन चौधरीले विश्व भरी नै यस्ता परियोजना संचालनमा रहेको बताउनुभयो। सो प्लान्ट अनुमानित ६ लाखको लागतमा तयार भएको सस्थाले बताएको छ।

परियोजनाको नेपालमा संयोजन वर्क फर नेपालले गरेको थियो।

## मृत फेला परेको व्यक्तीको हत्या भएको आरोपमा एक पक्राउ

विराटनगर। उदयपुरको कटारी नगरपालिका- ८ श्रृष्टीको जंगलमा फागुन ७ गते मृत फेला परेका १ व्यक्तिको हत्या भएको पुष्टी भए संगै हत्यामा संग्गल्न १ जनालाई प्रहरीले पक्राउ गरेको छ।



हत्याको आरोपी कमल थापा भनिने कमल बि.क.

पक्राउ पर्नेमा उदयपुर बेलश्रोतका २८ बर्षीय कमल थापा भनिने कमल बि.क. रहेका छन्। जंलगमा मृत फेला परेका ब्यक्ति भारतको राजस्थानका ५० बर्षीय राम किसन मिणा भएको खुल्न आए संगै बि.क.लाई पक्राउ गरिएको हो। बि.क.ले मिणालाई माघ २५ गते घाँटीमा डोरीले कसेर हत्या गरेको खुल्न आएको छ।

मोरङको कानेपोखरी गाउँपालिका र पथरी शनिश्चरे नगरपालिका बिचको डास खोलामा निर्माणाधिन रहेको पुलमा पायलिङ मेशिनको काम गर्दै आएका भारतिय नागरीक मिणा माघ २६ गते देखी सम्पर्कमा नरहेको भनी पिडितका परिवारले ईलाका प्रहरी कार्यालय पथरीमा हुलिया निवेदन दिए संगै खोजतलासमा खटिएको प्रहरी टोलीले फागुन ९ गते पथरी नगरपालिका वडा नं. ८ बाट बि.क.लाई पक्राउ गरेको थियो। बि.क.लाई पक्राउ गरे संगै सोधपुछ गर्ने क्रममा लेनदेनको बिषयमा बादबिबाद हुँदा मिणाको हत्या गरी जंगलमा फालेको स्विकार गरी सकेको ईलाका प्रहरी कार्यालय पथरीले जनाएको छ।

पुलको ठेक्का पट्टा गर्ने बि.क. र मृतक मिणा बिच पुलको पिलरको जग खन्ने मेसिन ल्याई काम काज गर्ने भनी सम्झौता भए अनुसार बिगत डेढ महिना देखी मोरङको डास खोलामा काम गर्दै आई रहेका थिए। काम गर्ने क्रममा माघ २३ गते कमल बि.क.को बिरगंजमा रहेको अर्को साईड हेर्न भनी मृतकले प्रयोग गर्दै आईरहेको बीआर ०१ बीसी ५६९७ नम्बरको गाडीमा दुवै जना बिरगंज गएको र उक्त स्थानमा पुगी माघ २५ गते फर्कने क्रममा बि.क.को घर कटारी जादै गर्दा बाटोमा लेनदेन सम्बन्धी बिबाद भएको थियो।

बादबिबादकै क्रममा मादक पदार्थ समेत सेवन गरेका बि.क.ले रिशको आवेगमा मिणाको घाँटीमा केवल तारको डोरीले कसेर हत्या गरेको र हत्या पश्चात शवलाई सोही गाडीको डिकीमा ओढ्नेले छोपेर कटारी भन्दा ३० किलोमिटर माथी जंगलमा लगी फालिदिएको खुल्न आएको छ।

त्यसरी शवलाई जंगलमा फालेर फर्किएका बि.क.ले मृतकले प्रयोग गर्ने मोवायल फोन कोशी नदिमा फालिदिएको तथा उक्त नम्बरको गाडी भारतिय बजार भिमनगर लगी बेवारीसे अवस्थामा छोडेर फर्किएको समेत खुल्न आएको छ।

त्यसरी जाँदा दुबै जना संगै गएको र फर्कदा १ जना मात्र फर्किएकोमा अन्य व्यक्तिहरुले सोधपुछ गर्दा समान लिन भारत तर्फ गएको बताउँदै आएका थिए भने लामो समय सम्म सम्पर्कमा नआएपछी मृतकका परिवार खोजतलास गर्दै ईलाका प्रहरी कार्यालय पथरी सम्म आए पश्चात मात्र उक्त घटनाको रहस्य खुल्न आएको हो।

शंकित कमल बि.क.ले प्रहरी समक्ष हत्या गरेको स्विकारे पश्चात उक्त स्थानमा घटना भए नभएको भनी ईलाका प्रहरी कार्यालय कटारीसँग समन्वय गर्दा पहिचान नखुलेको शव बेवारीशे अवस्थामा २/३ दिन पहिला फेला परेको थियो।

उक्त लासको फोटो समेत झिकाई मृतकका आफन्तलाई सनाखत गराउदा आफ्नै मान्छेको हो भनी सनाखत गरिदिए संगै कमल थापा भन्ने कमल बि.क.लाई थप अनुसन्धान तथा कानुनी कार्बाहीको लागी ईलाका प्रहरी कार्यालय कटारी तर्फ पठाईएको ईलाका प्रहरी कार्यालय पथरीले जनाएको छ।


**तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक**
कोशी अस्पताल को अगाडी, विराटनगर

**बिरामीहरूको लागि खुशीको खबर !!**

ल्याब जाचमा ५०% सम्मको छुट

सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

नि:शुल्क सुगर जाँच

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।

# धरान जंगलमा फेला परेको शवको पहिचानसंगै घटनामा संलग्न पक्राउ

सुनसरी । धरान उपमहानगर पालिका वडा नं. ४ स्थित जंगलमा घाँटी र शरिर छुट्याईएको अवस्थामा फेला परेको शवको पहिचान भएसंगै घटनामा संग्लग्न दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

फाल्गुन ४ गते उक्त स्थानमा जेब्रा झोलामा प्याक गरेर फालेको अबस्थामा टाउको र शरिरका बिभिन्न भागहरु छुट्टाछुट्टै अवस्थामा फेला परेको थियो । टुक्रा टुक्रा अवस्थामा शव फेला परे संगै १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरको अनुसन्धान समुह, जिल्ला प्रहरी कार्यालय सुनसरीको अनुसन्धान समुह र तालिम प्राप्त कुकुर सहितको प्रहरी टोलीले अनुसन्धान शुरु गरेको थियो ।

शव पहिचान गर्ने क्रममा बाझो-१ घर भई हाल बिराटनगर महानगरपालिका वडा नं. ३ मा बसोबास गर्दै आएका ४३ बर्षीय दिनेश सिग्देलको रहेको खुल्न आएको हो । शवको पहिचान भएसंगै घटनामा संग्लग्न ब्यक्तिहरुको खोजतलास गर्ने क्रममा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा मृतककै श्रीमती ३० बर्षीया अनिता के.सी. र बिराटनगर महानगरपालिका वडा नं. ४ का २९ बर्षीय सरोज भण्डारी रहेका छन् ।

बैदेशिक रोजगारीमा गएर फर्केका सिग्देललाई श्रीमतीको योजनामा पौष २२ गते साँझ साँढे ५ बजेको समयमा सिग्देलकै घर कोठामा घाँटी थिची हत्या गरेको खुल्न आएको छ । दुबै जना मिलेर हत्या गरे पश्चात पौष २३ गते ग्लेन्डर मेशीन र खुकुरी समेतको प्रयोग गरी शवलाई टुक्रा टुक्रा पारी टेम्पो रिजर्व गरेर हाल शव फेला परेको स्थानमा लगेर फालेको खुल्न आएको छ ।

त्यसरी श्रीमतीकै मिलेमतोमा हत्या भएको खुल्न आएसंगै दुबै जनालाई पक्राउ गरी थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।




सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय, विराटनगर प्रदेश नं. १

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १

# बथनाहा स्थित मिरगंज पुलको विकल्पमा निर्मित नयाँ पुलको पछिल्लो अवस्था बारे अवलोकन

विराटनगर । मोरंग व्यापार संघका अध्यक्ष नवीन रिजालको पहलमा सोमाबारका भारतको बथनाहा स्थित मिरगञ्ज पुलको विकल्पमा निर्मित नयाँ पुलको अवलोकन गरी पछिल्लो अवस्था बारे जानकारी लिनु भएको छ ।

निरीक्षणको क्रममा अध्यक्षले सो नयाँ पुललाई अस्थायी रुपमा संचालनमा ल्याउन संघको पछिल्लो माग बमोजिम पुलको दक्षिण तर्फको निर्माण कार्यमा प्रगति भएको जनाउँदै अब केही मिटरसम्म अस्थाई बाटो निर्माण भए पुलको पूर्व तर्फको लेन संचालनमा ल्याउन सकिने बताउनु भएको छ ।

साथै रिजालले पुल निर्माणका लागि द्रुतगतिमा भएको पछिल्लो प्रगतिका लागि भारतका सम्बन्धित निकायबाट भएका सकारात्मक कदमहरुका लागि धन्यवाद व्यक्त गर्दै आगामी कार्यहरुका लागि सम्बन्धित निकायहरुमा पहल भई रहेको बताउनु भएको छ ।

त्यसै गरी सोही दिन संघका अध्यक्ष रिजालले विराटनगरमा संचालनमा आएको हाइलेक्स सेनिटरीको समेत उद्घाटन गर्नुभएको छ । हाइलेक्सका निर्देशक विश्वनाथ आचार्यको अनुरोधमा संघका अध्यक्ष रिजालले सो प्रतिष्ठानको उद्घाटन गर्ने क्रममा कोभिड महामारीबाट उद्योग तथा व्यवसाय क्षेत्र धारासायी भइरहेको अवस्थामा व्यवसाय क्षेत्रमा युवा समूहको उपस्थिति आउनु सुखद सन्देश रहेको बताउँदै उक्त प्रतिष्ठानका संचालकहरुलाई बधाई तथा शुभकामना दिएको थियो ।


भारतको बथनाहा स्थित मिरगञ्ज पुलको विकल्पमा निर्मित नयाँ पुलको अवलोकन गर्दै रिजाल ।

हाल काठमाडौं लगायत विभिन्न स्थानमा बिक्री कक्ष रहेको हाइलेक्सले प्रदेश नं. १ को राजधानी विराटनगरमा समेत विक्री वितरण शरु गरेको छ ।

त्यसैगरी मोरंग व्यापार संघ, महिला उद्यम समितिले परोकारघाट स्थित सयपत्री परोपकार आधारभूत विद्यालयमा अध्ययनरत विपन्न तथा असहाय बालवालिकालाई लक्षित गरी मास्क र सेनिटाईजर वितरण गरेको थियो ।

संघको महिला उद्यम समितिकी संयोजक श्रीमती वन्दना जैनको नेतृत्वमा गएको महिला उद्यमीहरुको टोलीले सेनिटाइजर, बेबी मास्क लगायतका स्वास्थ्य सुरक्षाका सामग्रीहरु विद्यालयका प्रधानाध्यापक श्रीमती सीता दाहाललाई हस्तान्तरण गरेको थियो ।

# महालक्ष्मी नगरपालिकालाई मन्त्रालयबाट ५० करोड सहयोग

धनकुटा । धनकुटाको महालक्ष्मी नगरपालिकाको शहरी पूर्वाधार विकासका लागि शहरी विकास मन्त्रालयले ५० करोड बजेट उपलब्ध गराउँने भएको छ ।

महालक्ष्मी नगरपालिकाका मेयर पर्शुराम नेपालको पहलमा मन्त्रालयले सघन शहरी विकास कार्यक्रम अन्तर्गत बजेट उपलब्ध गराउँने भएको हो ।

लामो समयको पहलपछि महालक्ष्मीको शहरी पूर्वाधार विकासका लागि शहरी विकास मन्त्रालयबाट ५० करोड बजेट प्राप्त भएको मेयर नेपालले बताए । 'हामीले नगर सभाबाट पारित गरेर बजेट माग गरेका थियौं, बजेट माग्न म पटक-पटक मन्त्रालय धाएको थिए । अन्ततः ठूलो बजेट प्राप्त हुँने भएको छ,' खुशी हुँदै मेयर नेपालले भने, 'यसले महालक्ष्मीको शहरी पूर्वाधार विकासमा निकै ठूलो काम हुन्छ ।'

बजेट उपलब्ध गराएर सहयोग गरेको भन्दै मेयर नेपालले शहरी विकास मन्त्री रामकुमारी झाँक्रीलाई धन्यवाद ज्ञापन गरेका छन् । गुल्मी माइतीघर भएकी मन्त्री झाँक्री महालक्ष्मीकी बुहारी पनि हुन् । उनी लेगुवाका पशुपति पुरीसँग विवाह बन्धनमा बाधिएकी छन् । त्यस्तै, बजेटका लागि पहल गर्न सहयोग गरेको भन्दै मेयर नेपालले सामाजिक सञ्जालमै स्टाटस लेखेर




धनकुटाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्य राजेन्द्र राई, प्रदेश सभा सदस्य इन्द्रमणी पराजुली, मन्त्री झाँक्रीका अभिभावक प्रेमराज पुरी, श्रीमान पशुपति पुरी र युवराज गिरीप्रति आभार प्रकट गरेका छन् ।

शहरी विकास मन्त्रालयले बजेट उपलब्ध गराउँने पत्र पठाएपछि धनकुटास्थित सघन शहरी तथा भवन निर्माण आयोजनाले बजेट खर्चका लागि प्रारम्भिक चरणको तयारी थालेको छ । महालक्ष्मी नगर पालिकाका मेयरसहित प्रतिनिधिहरु सँग केही दिनभित्रै छलफल कार्यक्रम राखेर योजना निर्माण गरिने आयोजना प्रमुख रञ्जनकुमार दासले बताए । 'माथिबाट हामीलाई एक हप्ता अघि नै पत्र आएको छ, अब महालक्ष्मी नगरपालिकासँग छलफल गरेर प्रारम्भिक चरणको काम थाल्छौं,' आयोजना प्रमुख दासले भने ।

यो बजेट मुख्यगरी सडक निर्माण तथा स्तरोन्नती, भवन निर्माण, हाट बजारको संरचना निर्माण जस्ता काममा खर्च गरिने बताइएको छ । तर, कुन-कुन क्षेत्रमा के-कति खर्च गर्ने, के-कस्तो योजना निर्माण गर्ने भन्ने बिषय छलफलबाट टुंगो लगाइने छ । पहिलो चरणमा नगरपालिका र स्थानीयबासीसँग योजनाका बारेमा जानकारी लिएपछि त्यसको सर्भे गरेर रिपोर्ट पठाइने आयोजना प्रमुख दासले जानकारी दिए ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर



## अबैद्ध लागुऔषध विक्री वितरण गर्ने ९ पक्राउ



विराटनगर । अवैध लागुऔषध विक्री वितरण गर्ने ९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार मोरङको सुन्दरहरैचा नगरपालिका वडा नं. १० बिराटचोकमा संचालित नेति फर्मा र डे-ड्रिम मेडिसिन सेन्टरका संचालकलाई ठुलो परिणामको अबैध औषधी सहित प्रहरीले २ जना पक्राउ गरीएको थियो ।

उनीहरुलाई पक्राउ गरे संगै उक्त औषधी खरिद गरी लागुऔषधको रुपमा प्रयोग गर्ने अन्य ७ जना समेत पक्राउ परेका छन् । उक्त दुईवटा मेडिकलबाट चिकित्सकको अनुमती बिना अबैध रुपमा महङगो मुल्यमा लागुऔषध दुर्व्यसनीमा लागेका ब्यक्तिहरुलाई औषधी अनाधिकृत रुपमा बिक्री बितरण गरिरहेको भन्ने बिशेष सूचनाका आधारमा १ नम्बर प्रदेश प्रहरी कार्यलाय बिराटनगरको रिट समुह र ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले सोमवार पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा मेडिकल संचालक सुन्दरहरैचा नगरपालिका वडा नं. १० का ४५ बर्षीय शुसिल काफ्ले, श्रीमती ३२ बर्षीया गोमा कार्की, सेवन कर्ताहरु सुन्दरहरैचा नगरपालिका वडा नं. १ का २३ बर्षीय सनम खवास, सुन्दरहरैचा नगरपालिका वडा नं. १० का ३० बर्षीय अरुण राई, ३५ बर्षीय सनम तामाङ , सुन्दरहरैचा नगरपालिका वडा नं. ९ का २४ बर्षीय सुवास राई, २२ बर्षीय जुसन सुनाम, ३१ बर्षीय निमेस परियार र ३४ बर्षीय अनुप खड्का रहेका छन् ।

उक्त दुईवटा मेडिकलबाट प्रहरीले स्पासपाईन ४४ हजार ३ सय ७० चक्की, एण्टी कफ १७ हजार ६ सय २० चक्की, नेउरीन ७५ एमजी १८ हजार ९ सय २३ चक्की, प्रि जेड ७५ एमजी १ हजार २ सय चक्की र एपावलीन ७५ एमजी १४ हजार ६ सय चक्की बरामद गरेको थियो ।

त्यसरी अनाधीकृत रुपमा दुर्ब्यसनीमा लागेका ब्यक्तिहरुलाई औषधी बिक्री बितरण गर्ने दुबै मेडिकल संचालकलाई ठूलो परिणामको औषधीहरु सहित पक्राउ गरी थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ ।




**कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना**

**१. कसरी सर्छ कोरोना भाईर?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १**

# स्वास्थ्यका दृष्टिकोणले महिलाले कस्तो भित्रिवस्त्र लगाउने ?

तपाई आफ्नो शरीर ढाक्न कस्तो खालको कपडा प्रयोग गर्नुहुन्छ ? हेर्दा सुन्दर, आकर्षक र आफुलाई सुहाउँदो । एलर्जी नहुने र गुणस्तरीय कपडा नै लगाउनुहुन्छ । धेरै मानिसहरु कपडा खरिद गर्दा धेरै समय लगाएर आफूलाई सुहाउँदो र गुणस्तरीय कपडा छान्ने गर्छन् ।

तर, भित्रीवस्त्र ? भित्रीवस्त्र ( यौनांग छोप्न प्रयोग गरिने कपडा) किन्दा त्यसको गुणस्तरबारे ख्याल गर्नुहुन्छ कि हुँदैन ? तपाईंलाई थाहा छ, भित्री अंगका लागि प्रयोग गरिने वस्त्र अझै गुणस्तरीय हुन जरुरी छ ।

किनकी तपाईंले प्रयोग गर्ने वस्त्र कमसल वा गुणस्तरहिन भएमा त्यसले तपाईंको यौनांगमा स्वास्थ्य समस्या निम्त्याउन सक्छ । संक्रमण हुन सक्ने खतरा रहन्छ । जसका कारण यौनांगमा गम्भीर समस्या निम्तिन सक्छ । त्यसकारण भित्री अंग छोप्न प्रयोग गरिने वस्त्र लगाउँदा विशेष ख्याल गर्न जरुरी हुन्छ । यस्ता कपडा किन्दा महिलाले अझ विशेष ध्यान दिन आवश्यक छ ।

पुरुषहरुले पनि भित्रि वस्त्र खरिद गर्दा ध्यान दिन आवश्यक छ । तर तुलनात्मक रुपमा पुरुषमा भन्दा महिलाको यौनांगमा बढी संक्रमणको समस्या देखिने भएकाले कपडा लगाउँदा र खरिद गर्दा बढी नै ध्यान दिन जोड दिइन्छ । त्यसैले यहाँ महिलाले प्रयोग गर्ने भित्री वस्त्र अर्थात पेन्टी कस्तो हुनुपर्छ भन्ने विषयमा जानकारी दिदैछौं ।

महिलाले यौनांग छोप्न प्रयोग गर्ने वस्त्र कस्तो हुनुपर्छ ?

१. नरम र आरामदायी

यौनांगमा प्रयोग गरिने पेन्टी नरम र आरामदायी हुनुपर्छ । हाम्रो शरीर फरक-फरक तरिकाले बनेको हुन्छ । शरीरका छालापनि अंगअनुसार फरक-फरक किसिमको हुन्छ । यौनांगमा नरम किसिमको छाला हुन्छ । अन्य अंगको तुलनामा यौनांग बढी नै संवेदनशिल हुने भएकाले कपडा लगाउँदा र किन्दा विशेष ख्याल राख्नुपर्ने हुन्छ । महिलाहरुले पेन्टी लगाउँदा यौनांगलाई असर नपर्ने खालको नरम र आरामदायी पेन्टी लगाउनुपर्छ ।

२. हरेक दिन पेन्टी फेर्नुहोस्

यौनांगमा संक्रमण हुने खतरा धेरै भएकाले महिलाले सफा पेन्टी लगाउन आवश्यक हुन्छ । महिलाहरुले पेन्टीलाई हरेक दिन फेर्नुपर्छ ।

३. पेन्टी तथा भित्रिवस्त्र घाममा सुकाउनु पर्छ

हाम्रो समाजमा अझै पनि भित्रि वस्त्रका विषयलाई लाजका रुपमा हेरिन्छ । त्यसकारण धेरै महिलाहरुले पेन्टी तथा भित्रि वस्त्रलाई घाममा सुकाउँदैनन् । भित्र कोठामा वा घाम नपर्ने स्थानमा तथा अन्य कपडाले छोपेर यस्ता कपडा सुकाउँदा ती कपडामा फंगस पर्न सक्छ र ती कपडा लगाउँदा संक्रमण हुने डर हुन्छ । त्यसैले महिलाले भित्रि वस्त्रलाई घाममा सुकाउनु पर्छ ।

४. आफ्नो लागि मिल्ने साइजको भित्रिवस्त्र खरिद गर्नुपर्छ

भित्री अंगमा लगाउने त हो कसले देख्छ र भन्दै जस्तो पायो त्यस्तै पेन्टी खरिद गर्ने बानी धेरैको हुनसक्छ । तर, पेन्टी खरिद गर्दा आफूलाई मिल्ने साइजको हेरेर मात्र खरिद गनुपर्छ । धेरैजस्तो महिला टिमिक्क परेको पेन्टी खरिद गर्न चाहन्छ । तर यस्ता खालको पेन्टीले छालामा असर पर्न सक्छ । असहज महसुस हुनसक्छ र लामा जलन पैदा हुनसक्छ । त्यसैले आफूलाई ठिक्क हुने खालको पेन्टी किनेर लगाउनुपर्छ कसैलाई बढी फिटिङ हुने खालको पेन्टी मनपर्न सक्छ । तर, लामो समयसम्म कसिलो पेन्टी प्रयोग गर्दा असर गर्छ । यदी तपाई केही समयको लागि टाइट खालको पेन्टी लगाउनु हुन्छ भने केही समयका लागि ठिकै हुन्छ । तर, ख्याल गर्नुहोस् यदी लामो समयसम्म टाइट पेन्टी प्रयोग गर्दा तपाईंको यौनांगको छालालाई असर पर्नसक्छ ।

५. सुतीको कपडाबाट बनेको पेन्टी उपयुक्त हुन्छ

यदी तपाई सुतीको कपडाबाट बनेको पेन्टी खरिद गर्नुहुन्छ भने त्यो तपाईंको स्वास्थ्यका लागि पनि उपयुक्त हुन्छ । सुतीको कपडा छालाको लागी उपयुक्त र आरामदायी हुन्छ । तर, धेरै महिलाहरु सुतीको कपडाबाट बनेको पेन्टी प्रयोग गर्न रुचाउदैनन् । अन्य कपडाबाट बनेको पेन्टीले तपाईंको यौनांगलाई असर पर्न सक्छ । अन्य कपडाबाट बनेको पेन्टी हेर्दा आकर्षक भएपनि त्यसले तपाईंको कोमल छालालाई असर पार्न सक्छ । त्यसैले सुतीको कपडाबाट बनेको पेन्टी प्रयोग गर्नु उपयुक्त हुन्छ ।

६. पसिना सोस्ने खालको पेन्टी प्रयोग गर्नुहोस्

जो महिला शारीरिक व्यायाम गर्छन्, उनीहरुले यस्तो खालको पेन्टी प्रयोग गर्नुपर्छ । कुनैकुनै पेन्टी प्रयोग गर्दा धेरै पसिना आउने तर नसोस्ने खालको हुनसक्छ । यस्तो खालको पेन्टी प्रयोग गर्दा पसिना एकत्रित भएर तपाईको छालालाई अझै असर पर्न सक्छ ।

७. एलर्जी वा जलन हुने खालको प्रयोग गर्नु हुँदैन

महिलाहरुले पेन्टी खरिद गर्दा त्यसको गुणस्तरमा विशेष ध्यान दिनुपर्ने हुन्छ । केहीलाई कपडाको एलर्जी समेत हुनसक्छ । त्यसकारण यस्ता कुरामा ख्याल गर्न आवश्यक छ । छाला पास्ने पेन्टी पनि लगाउनु हुँदैन । सम्भव भएसम्म सुतीको कपडाबाट बनेको पेन्टी प्रयोग गर्नु उपयुक्त हुन्छ । किनकी सुतीको कपडाबाट बनेको पेन्टीले पसिना सोस्छ । जसले गर्दा पसिनामा हुने ब्याक्टेरियाको कारणले हुने एलर्जी तथा जलन कम हुनबाट बच्न सकिन्छ । (ऐजेन्सी)

## प्रहरी चौकी टुटे देउराली र जिरिखिम्तीको भवन समुद्घाटन

बिराटनगर । जिल्ला प्रहरी कार्यालय संखुवासभा मातहतमा रहेको प्रहरी चौकी टुटे देउराली र जिल्ला प्रहरी कार्यालय तेह्रथुम मातहत रहेको प्रहरी चौकी जिरिखिम्तीको नवनिर्मित कार्यालय भवनको समुद्धाटन् भएको छ ।



चौकीहरुको हाता भित्र शुक्रवार भएको कार्यक्रमका बिच १ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले उक्त नवनिर्मित प्रहरी चौकी टुटे देउराली संखुवासभा र प्रहरी चौकी जिरिखिम्ति तेह्रथुमको साढे २ तले भवनहरुको बिधिवत रुपमा उद्धाटन गर्नु भएको थियो ।

नेपाल सरकारबाट विनियोजित २ करोड ६ लाख ३१ हजार ३ सय ३२ रुपैयाँको लागतमा प्रहरी चौकी टुटे देउराली र प्रदेश सरकारबाट बिनियोजित १ करोड २५ लाख ९२ हजार ९४ रुपैयाको लागतमा भवनको निर्माण कार्य सम्पन्न भएको हो ।

भवनको उद्धाटन तथा निरीक्षण पश्चात कार्यक्रममा बोल्नुहुँदै प्रहरी नायव महानिरीक्षक बि.सी.ले गाँस बासको उचित ब्यवस्था भएसँगै प्रहरी कर्मचारीहरुमा काम गर्ने थप हौसला मिल्ने वताएको थियो । वहाँले सुन्दर भवनमा बस्ने प्रहरी कर्मचारहरुले जनमैत्री प्रहरी सेवा प्रदान गर्नेमा आफु बिश्वस्त रहेको बताउँदै कानूनको परिधीमा रही जन चाहना बमोजिमको प्रहरी सेवा प्रदान गर्न प्रहरी कर्मचारीहरुलाई निर्देशन समेत दिनु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रहरी नायव महानिरीक्षक बि.सी.ले भवन निर्माणमा उल्लेखनिय भुमिका निर्वाह गर्नुहुने ब्यक्तित्वहरुलाई प्रशंसा पत्रद्वारा सम्मान समेत गर्नु भएको थियो ।

## भ्रष्टाचारले...

मात्र भ्रष्टाचार नियन्त्रण गर्ने निकायमा चयन गर्नुपर्छ । कर्मचारीको न्यूनतम जीवनयापन हुने गरी आर्थिक, सामाजिक तथा व्यावसायिक सुरक्षाको सुनिश्चितता गर्दा पनि भ्रष्टाचार न्यूनीकरणमा मद्दत पुग्छ ।

त्यस्तै, विद्यालय तहबाटै नैतिक मूल्य र मान्यताको प्रवर्धन गर्न नैतिक शिक्षा समावेश गर्नुपर्छ भने न्यायपालिकाले भ्रष्टाचारसँग सम्बन्धित मुद्दालाई प्राथमिकताका साथ फैसला गर्ने भ्रष्टाचारप्रतिको शून्य सहनशीलताको नीति अपनाउनुपर्छ ।

ग. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका

भ्रष्टाचारको अनुसन्धानका निमित्त नवीनतम् प्रविधि र मानव स्रोतको उपयोगमा ध्यान दिन अख्तियार चुक्नुहुँदैन। संस्थाले अनुसन्धानमा गोपनीयता कायम गर्नुपर्छ ।

असल नियतले गरिने दैनिक प्रशासनिक तथा विकासात्मक गतिविधि अख्तियारको भयका कारण प्रभावित हुने अवस्था आउन नदिन पनि यो संस्थाले जोड दिनुपर्छ ।

घ. निजी क्षेत्रको भूमिका

निजी क्षेत्रमा व्यावसायिक सदाचार, नैतिकताको प्रवर्द्धन र संस्थागत सुशासन कायम गर्न जोड दिनुपर्छ । सरकारको भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा निजी क्षेत्रले प्रतिबद्धता र ऐक्यबद्धता जनाई प्रमुख साझेदारको भूमिका निर्वाह गर्नुपर्छ ।

आफ्नो कारोबारको यथार्थ विवरण राखी सरकारलाई कर, दस्तुर, रजिष्ट्रेशन, लाभकर आदि समयमै बुझाउने अभ्यासले एकातिर भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुग्छ भने अर्कोतिर निजी क्षेत्रको नैतिक धरातल बलियो हुन्छ ।

ङ. नागरिक समाजको भूमिका

भ्रष्टाचारका प्रोत्साहक र उत्प्रेरक घटाउनका लागि नैतिक मूल्य, शिक्षा, प्रशिक्षण, आध्यात्मिक ज्ञान, नागरिक सचेतना तथा धार्मिक अन्धविश्वास विरुद्ध साझा अभियान जस्ता निरोधात्मक प्रवर्धनात्मक व्यवस्थाहरू एकसाथ अपनाउनुपर्छ ।

सामाजिक मान्यता र सोचाइ, चरित्र, धार्मिक र सांस्कृतिक व्यवहारमा रुपान्तरण गरी निष्ठा र नैतिकतालाई प्रवर्द्धन गर्ने बनाउन पनि जोड दिनुपर्छ । नागरिक खबरदारी निगरानी समूहको गठन तथा संरक्षण, प्रभावकारी खोज पत्रकारिताको संरक्षण र विकास गर्नुपर्छ ।

समाजमा अशान्ति र विग्रह ल्याउने भ्रष्टाचारको नियन्त्रण गर्न भ्रष्टाचारी समाजमा अपहेलित हुने संस्कारको विकास गर्न जरुरी छ । मुख्य रूपमा शासक वर्गले दृढ इच्छाशक्ति देखाई इमानदारी र जवाफदेहीको शपथ खोक्रो नारामा मात्र नभई यथार्थमा खानु जरुरी छ ।

यसका लागि स्वयम् मतदाता, नागरिक समाज र सरोकारवाला सबैले इमानदारीका साथ अघि बढेमा भ्रष्टाचारको महारोगबाट मुलुक तंग्रिने र समृद्ध आधुनिक र न्यायपूर्ण नेपाल निर्माणको साझा चाहना पूरा हुने निश्चित छ । अनलाईनबाट